**बैठक संख्याः २०८२/८३-८**

आज मिति २०८२ पुष २३ गते बुधबारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार वली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**Google plus –JJ8H+R22 RUKUMKOT**
**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**


प.स. २०८२।८३
च.न.

**मिति २०८२/०९/२३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२.आगामी आव २०८३/८४ को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।
३.कार्यविधि स्वीकृत सम्बन्धमा ।
४.केहि ऐन तथा कानुनहरु स्वीकृतिका लागि गाउँ सभामा लैजाने सम्बन्धमा ।
५.बजेट संशोधन सम्बन्धि प्रस्ताव गाउँ सभामा लैजाने सम्बन्धमा ।
६.सामुदायिक स्वास्थ्य इकाइ पाखापानी र नवज्योति मावि बल्लेचौरको जग्गा नामसारी सम्बन्धमा ।
७.युवा विकास केन्द्र रुकुमकोटका लागि विनियोजित बजेट बाँडफाँड सम्बन्धमा ।
८.विपन्न स्वास्थ्य विमा कार्यक्रम सञ्चालन सम्बन्धमा ।
९.करार कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा ।
१०. जग्गा प्राप्ति सम्बन्धमा ।
११. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०९/१३ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आगामी आव २०८३/८४ को आय व्यय प्रक्षपण सम्बन्धमा ।**

**निर्णय नं २:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को व्यवस्था अनुसार स्थानीय तहबाट प्रत्येक पौष मसान्त भित्र पेश गर्नु पर्ने आगामी आव २०८३।८४ को आय व्ययको प्रक्षेपण प्रस्तावमा पेश भए बमोजिम स्वकृत गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिस्ने गाउँपालिकाको विविध काम काजलाई सहजता बनाउनका लागि देहायका कार्यविधि स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

- परीक्षामा खटिने कर्मचारी सेवा सुविधा मापदण्ड २०८२
- करार कर्मचारीको कार्यसम्पादन र सम्झौता मापदण्ड २०८२
- बहाल बिटौरी शुल्क संकलन सम्बन्धी कार्यविधि २०८२
- कृषि विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड २०८२ (पहिलो संसोधन २०८२)
- पशुपन्छी पालक कृषकहरुको मागमा आधारित कार्यक्रम संचालन कार्यविधि २०८२

**प्रस्ताव नं ४ विभिन्न ऐन तथा कानुनहरु गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिस्ने गाउँपालिकाको विविध कानुनी आवश्यकता परिपुर्तिका लागि निर्माण भएका देहायका ऐन तथा कानुन स्वीकृतिका लागि गाउँ सभामा लैजाने निर्णय गरियो ।

- बेरुजु फस्यौंट कार्यविधि, २०८२
- लेखा समिति गठन तथा संचालन कार्यविधि, २०८२
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२
- गाउँ सभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, २०८२

**प्रस्ताव नं ५ सामुदायिक स्वास्थ्य इकाइ पाखापानी र नवज्योति माविं बल्लेचौरको जग्गा नामसारी सम्बन्धमा ।**

**निर्णय नं ५:**

जिल्ला रुकुम (पूर्वी भाग ) सिस्ने गाउँपालिका वडा नं.१ मा रहेको श्री नवज्योति मा.वि. बल्लेचौर को नाममा रहेको जग्गा कित्ता नं. ७ र ४४ क्षेत्रिल क्रमश १५० र २९१० वर्ग मिटर जग्गामा सिस्ने स्वास्थ्य चौकीको संरचना बनाएर संञ्चालनमा आइरहेको र उक्त सिस्ने स्वास्थ्य चौकीको नाममा रहेको जग्गा कित्ता नं. २१५ र २४४ क्षेत्रफल क्रमश १६०५ र १००० वर्ग मिटर रहेको जग्गामा श्री नवज्योति मा.वि बल्लेचौरको संरचना बनाएर संञ्चालनमा आइरहेकोले श्री नवज्योती मा.वि बल्लेचौर को नाममा रहेको जग्गा कित्ता नं. ७ र ४४ क्षेत्रफल क्रमश १५० र २९१० वर्ग मिटर जग्गा सिस्ने स्वास्थ्य चौकीको नाममा र सिस्ने स्वास्थ्य चौकीको नाममा रहेको जग्गा कित्ता नं. २१५ र २४४ क्षेत्रफल क्रमश १६०५ र १००० वर्ग मिटर रहेको जग्गा श्री नवज्योति मा .वि. बल्लेचौर को नाममा नामसारी गर्नको लागि प्रक्रिया अगाडी बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ युवा विकास केन्द्र रुकुमकोटका लागि विनियोजित बजेट बाँडफाँड सम्बन्धमा ।**

**निर्णय नं ६:**

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार युवा विकास केन्द्र रुकुमकोट शिर्षकमा विनियोजित बजेट उक्त केन्द्र मार्फत खर्च हुने गरी देहायका गाउँपालिका स्तरिय खेलकुद प्रतियोगितामा विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं ३ पोखरा खेलकुद प्रतियोगिता — रु ७००००/-
- चेस तालिम संचालन — रु ७००००/-
- ब्याटमिन्टन प्रतियोगिता — रु ७००००/-
- तेक्वान्दो सामाग्री खरिद — रु ७००००/-
- भलिवल खेल सामाग्री खरिद — रु ७००००/-
- स्केटिङ प्रतियोगिता संचालन — रु १५००००/-
- सिस्ने कप प्रतियोगिता — रु ५०००००/-

**प्रस्ताव नं ७ बिपन्न स्वास्थ्य विमा कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं ६:**

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार विपन्न स्वास्थ्य विमा कार्यक्रम तर्फ विनियोजित बजेट अन्तर्गत देहायको संख्यामा विपन्न नागरिक परिवार वडा कार्यालयको सिफारिसको आधारमा छनौट गरी स्वास्थ्य विमा बोर्ड रुकुम पुर्वको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| वडा | संख्या |
|---|---|
| वडा नं १ | ६ जना |
| वडा नं २ | ६ जना |
| वडा नं ३ | ९ जना |
| वडा नं ४ | १३ जना |
| वडा नं ५ | १३ जना |
| वडा नं ६ | १३ जना |
| वडा नं ७ | ८ जना |
| वडा नं ८ | ८ जना |
| **जम्मा** | **७६ जना** |

**प्रस्ताव नं ७ करार कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिस्ने गाउँपालिकामा करार सेवा तर्फ गाउँपालिकाको कार्यालय वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको करार अवधी मिति २०८२ पौष मसान्तमा समाप्त हुने हुदा निजहरुको **करार सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादन स्तर मुल्याङकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८२** बमोजिम कार्य सम्पादन मुल्याङकनका आधारमा आगामी २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ जग्गा खरिद सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिस्ने गाउँपालिका वडा नं २ साविकक प्वाङ गाविस वडा नं ४ निवासी श्री गोबर्धन झाक्रीको नाममा दर्ता श्रेष्ता कायम रहेको कि.न. ८२ क्षेत्रफल ००८१५ ब.मि., कि.नं. ९४ को क्षेत्रफल ००३३५ ब.मि, कि.नं. ९७ को क्षेत्रफल ००२९० ब.मि र कि.नं. ८६ को क्षेत्रफल ००२७० ब.मि जग्गा निशुल्क २ नं वडा कार्यालयको नाममा दानपत्र मार्फत प्राप्त गर्ने प्रकृयाका लागि श्री मालपोत कार्यालय रुकुम पुर्बलाई लेखि पठाउने निर्णय गरियो ।